रैनादेवी छहरा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
छहरा, पाल्पा

च.नं.
प.स.२०७७/२०७८

☎ ०७५- ६९१०२५
०७५- ६९२३४३

मिति: २०७७/०८/०९

## नियमित विद्यालय सञ्चालन गर्ने सम्वन्धि सूचना

श्री रैनादेवी छहरा गाउँपालिका भित्र सञ्चालित सम्पुर्ण विद्यालयहरु,

प्रस्तुत सम्वन्धमा शिक्षा,विज्ञाना तथा प्रविधि मन्त्रालय द्धारा जारी गरियको विद्यालय सञ्चालन सम्वन्धि कार्यढाँचा, २०७७ मा व्यवस्था भए वमोजिम विद्यालय सञ्चालन गर्न मिति २०७७।०८।०७ गते बसेको प्र.अ.,जनप्रतिनिधि र वडाध्यक्षहरुको संयुत्त बैठकले तपसिल वमोजिमका मापदण्ड पालना गरि मिति २०७७।०८।०९ गते देखि विद्यालय सिकाई क्रियाकलाप सञ्चालन गर्न/गराउनुहुन अनुरोध छ ।

तपसिल:

१. मिति २०७७/०७/२८ मा शिक्षा,विज्ञाना तथा प्रविधि मन्त्रालय द्धारा जारी गरियको विद्यालय सञ्चालन सम्वन्धि कार्यढाँचा, २०७७ मा व्यवस्था भए वमोजिमका सात विकल्पहरु मध्ये कुनै एक वा एक भन्दा बढि विकल्पहरुको प्रयोग गर्न सकिने ।

२.स्वास्थ्य सुरक्षाका उपायहरु पुर्णरुपमा पालना गर्ने, भौतिक दुरी कायम राख्ने, मास्क, सेनिटाईजरको प्रयोग गर्ने व्यवस्था मिलाउने ।

३. पूर्व प्राथमिक तहका वालवालिकालाई अर्को सूचना नभएसम्मको लागि नवोलाउने ।

४.एउटा वेञ्चमा सम्भव भएसम्म वढिमा दुई जना मत्र विद्यार्थी राख्ने व्यवस्था मिलाउने ।

५. विद्यार्थीले खाजा नास्ता सकेसम्म घरबाटै ल्याउने व्यवस्था मिलाउने साथै खाजा नास्ता बाँडेर खाने प्रवृत्तीलाई निरुत्साहित गर्ने ।

६. कोभिड १९ को कुनै लक्ष्यण देखिएमा उक्त विद्यार्थी, शिक्षक वा कर्मचारीलाई विद्यालयमा नवोलाउने, पि सि आर चैंक गर्नुपर्ने भएमा गाउँपालिका वा गाउँपालिकाको स्वास्थ्य शाखामा सम्पर्क गर्ने ।

७.कोरोना पोजेटिभ देखिएमा वा बढेमा तुरुन्तै वि.व्य.स.को बैठक बसि पठन पाठन सम्वन्धि आवस्यक निर्णय गर्ने र त्यसको जानकारी गाउँपालिकामा दिने व्यवस्था मिलाउने ।

८.सबै विद्यालयले विद्यार्थीहरुलाई आवस्यकता अनुसार नजिकको स्वास्थ्य चौंकी जान निरन्तर परामर्श दिईरहने ।

खेल बहदुर खत्री
प्रमुख प्रशासकीय अधिकृत
रैनादेवी छहरा गा.पा.

९. पठन पाठनको क्रममा विद्यार्थीहरुलाई कोभिड १९ सम्वन्धि बिषयवस्तु प्रत्येक दिन प्रस्तुत गरि त्यस बाट वच्ने उपायहरु अपनाउन प्रेरित गर्ने ।

१०.पठन पाठन बाहेक अन्य क्रियाकलापहरु हाललाई सञ्चालन नगराउने ।

११.सबै मापदण्डहरुको पुर्ण पालना गर्ने गराउने दायित्व सम्वन्धित विद्यालयको प्रधानाध्यापकको हुने ।

१२.सम्बन्धित वडाको जनप्रतिनिधि, राजनितिक दल, शिक्षक संघ संथाको प्रतिनिधि र सरोकारवालाहरु बाट मापदण्ड पुरा भए नभएको नियमित अनुगमन गर्ने व्यवस्था गाउँपालिकाले मिलाउने ।

खेत बहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत

खेत बहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत
रैनादेवी छहरा गा.पा.